नेपाल सरकार
अर्थ मन्त्रालय
आन्तरिक राजस्व विभाग
आन्तरिक राजस्व कार्यालय, धुलिखेलको

**कर विवरण तथा कर दाखिला गर्ने म्याद थप सम्बन्धी सूचना**

कोभिड-१९ संक्रमणको रोकथाम र नियन्यत्रको सिलसिलामा विभिन्न जिल्लामा जारी भएको निषेधाज्ञाका कारण तोकिएको समयमा बुझाउनु पर्ने कर विवरण र कर दाखिला गर्न करदातालाई पर्न गएको कठिनाईलाई दृष्टिगत गरी आर्थिक ऐन, २०७७ को दफा १९ बमोजिम नेपाल सरकार, अर्थ मन्त्रालयको मिति २०७८/०३/०२ निर्णयानुसार देहाय बमोजिम कर विवरण तथा कर दाखिला गर्ने म्याद थप भएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

१. मूल्य अभिवृद्धि कर ऐन, २०५२ बमोजिम संवत् २०७७ साल चैत र संवत् २०७८ बैशाख महिनाको मासिक तथा संवत् २०७७ चैत- संवत् २०७८ महिनाको द्विमासिक अवधिको मूल्य अभिबृद्धि कर विवरण र सो विवरण बमोजिमको कर दाखिला गर्ने म्याद संवत् २०७८ साल असार २५ सम्म,

२. आयकर ऐन, २०५८ बमोजिम संवत् साल चैत र संवत् २०७८ साल बैशाख महिनाको बुझाउनु पर्ने अग्रीम करकट्टी भएको रकम र सो को विवरण बुझाउने म्याद संवत् २०७८ साल असार २५ सम्म,

३. अन्तःशुल्क ऐन, २०५८ बमोजिम संवत् २०७७ चैत र संवत् २०७८ वैशाख महिनाको बुझाउनु पर्ने अन्तःशुल्क विवरण तथा सो विवरण बमोजिमको अन्तःशुल्क दाखिला गर्ने म्याद संवत् २०७८ साल असार २५ सम्म,

४. संवत् २०७७ साल चैत र संवत् २०७८ साल वैशाख महिनाको बुझाउनु पर्ने शिक्षा सेवा शुल्क, टेलिफोन स्वामित्व शुल्क र दूरसञ्चार सेवा दस्तुर गर्ने म्याद संवत् २०७८ साल असार २५ सम्म ।